# कनकाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

जामुनबारी, झापा
१ नं. प्रदेश, नेपाल

~~Kanakainagarpalika@yahoo.com~~

पत्र संख्या :-
चलानी नं. :-

मिति : २०७७/०१/१०

### कनकाई नगरपालिका तथा राजनितिक दलहरुको संयुक्त अपिल

आदरणीय नगरवासी आमाबुवा, दाजुभाई, दिदीवहिनी तथा सम्पुर्ण शुभेच्छुक महानुभावहरु,

आज विश्व नै कोरोना भाइरस (COVID-19) को महामरीबाट त्रसित बनिसकेको छ र समृद्द सम्पन्न भनिएका विकसीत मुलुकहरु समेत यो रोगलाई रोक्न र व्यवस्थापन गर्न सकिरहेका छैनन तसर्थ हाम्रो जस्तो मुलुकले यो महामारीलाई रोक्न कठीन रहेको हुदाँ हाम्रो नगर भित्र यस रोगको महामारीलाई भित्रन फैलन नदिने जिम्मेवारी तपाई हामी सम्पुर्ण नगरवासीको रहेको छ। विगत १ महिनादेखि हजुरहरुले यसलाई पालना गरी रहनु भएको छ । आगामी दिनहरुमा पनि यसको पालना गर्न अनुरोध गर्दछौ।

हाम्रो सरकार तथा छिमेकी मुलुक लगायत अधिकाँस देशहरुले यो महामारीबाट बच्न लकडाउनको उपाय अपनाएको हुँदा यो अवधिभर सरकारको निर्देशन पालन गर्नु हामी सबैको जिम्मेवारी हुन आउँछ साथै यसका कारण समाजमा उत्पन्न हुने खाधान्न अभाव लगायतका समस्याहरु समाधान गर्न हाम्रो स्थानिय सरकारले नगरदेखि वडा तथा टोल सम्म सम्भव भएसम्म जनप्रतिनीधिहरु सहीत सर्वपक्षीय तथा सर्वदलीय संयन्त्र तयार गरी राहत तथा जनचेतनामुलक कार्यहरु गर्ने गरी तपशिल वमोजिम गर्न्न गराउनु हुन सम्पुर्णमा हार्दिक अपिल गर्दछौं।

१.सवैले लकडाउनको अवधीभर सामाजिक दुरी कायम गर्दै सहयोग आदान प्रदान गरौं।

२.राहत संकलन तथा वितरण प्रणालीलाई खुल्ला तथा पारदर्शी तथा एकद्वार प्रणालीको अवलम्वन नगरपालिका मार्फत कोरोना संक्रमण रोकथाम तथा व्यवस्थपन राहत कोषबाट गर्ने । कसैले पनि ब्यक्तिगत रुपमा यस्ता कार्य नगर्न आग्रह गर्दछौं।

३.यस विसम परिस्थीतिमा मंजदुर वर्ग, गरिवीका रेखामुनी रहेका श्रमिक वर्गलाई खाधान्न लगायत अभाव हुन नदिन तत्काल राहत वितरण गर्ने। वितरण गर्दा लक्षीत वर्गहरुलाई मात्र पहिलो प्राथिकता दिने

४. नगरपालिका द्वारा जारी गरिएको राहत वितरण सम्बन्धी कार्यविधिको दफा ९ रहेको व्यवस्था वमोजिम वडा स्तरीय राहत व्यवस्थापन समितिको निर्णय बमोजिम राहत वितरण गर्ने।

| भिमप्रसाद अधिकारी | ज्योति उप्रेति | भरत श्रेष्ठ | नेत्र चिमरिया | रबिन्द्र लम्साल | राजेन्द्रकुमार पोखरेल |
|---|---|---|---|---|---|
| साझा पार्टी | राप्रपा | समाजवादी पार्टी | नेपाली काग्रेस | नेकपा | नगर प्रमुख |